# प्रेस विज्ञप्ति

NFRJ
NEPAL FORUM FOR RESTORATIVE JUSTICE

२०८१ जेष्ठ १८ गते

नेपाल सरकारका अर्थमन्त्री माननीय वर्षमान पुन "अनन्त" ज्यूबाट संघीय संसदको संयुक्त बैठकमा २०८१ साल जेठ १५ गते मंगलबार प्रस्तुत गरिएको आ.व ०८१/८२ को बजेट वक्तव्यमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक अन्तर्गत बुँदा नं २०९ मा बालबालिकाको उद्धार र संरक्षणका लागि प्रदेश तथा स्थानीय तहमा आपतकालीन बाल उद्धार तथा पुनः स्थापनाका कार्यक्रम सञ्चालन गरिने र बाल सुधारगृहका भौतिक संरचना सुदृढ गर्दै बाल सुधार गृहमा रहेका सम्पूर्ण बालबालिकाको स्वास्थ्य बीमा गरिने निर्णय गरिएको छ ।

यसै गरी शान्ति सुरक्षा तथा अपराध नियन्त्रण अन्तर्गत बुँदा नं. २६० मा कारागारलाई सुधारगृहको रूपमा विकास गरिने, खुला कारागारको अवधारणा अनुसार कैदीबन्दीलाई लघु, घरेलु तथा साना उद्यमका रोजगारीसँग आवद्ध गरिने, कारागारमा कैदीबन्दीको चाप कम गर्न प्रोबेसन र प्यारोल व्यवस्था कार्यान्वयनमा ल्याइने र निर्माणाधीन १ हजार ३ सय ७० जना क्षमताको नुवाकोट कारागारलाई सञ्चालनमा ल्याइने निर्णय गरेको छ । यी दुवै निर्णयहरु पुनर्स्थापकीय न्याय कार्यान्वयन उन्मुख भएको हुँदा यी निर्णयका लागि नेपाल पुनर्स्थापकीय न्याय मञ्च नेपाल सरकारप्रति हार्दिक स्वागत एवम् आभार व्यक्त गर्दछ ।

यसै गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएका विभिन्न प्रकारका पुनर्स्थापकीय न्यायसम्बन्धी व्यवस्थाहरु जस्तैः कैद सजाय निलम्बन, सुधार गृहमा पठाउने, पुनर्स्थापना केन्द्रमा पठाउने, सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न दिने, खुल्ला कारागारमा राख्ने, सामाजिकीकरण गराउने, कैद बापत शारीरिक श्रममा लगाउने, कारागार बाहिर जान दिने, सुधारात्मक कार्यक्रम सञ्चालन गर्नेजस्ता व्यवस्थाहरु पनि यथाशीघ्र कार्यान्वयनका लागि नेपाल पुनर्स्थापकीय न्याय मञ्च नेपाल सरकार समक्ष हार्दिक अपिल पनि गर्दछ ।

--

नेपाल पुनर्स्थापकीय न्याय मञ्च

नेपाल पुनर्स्थापकीय न्याय मञ्च स्थापनाकालदेखि नै पुनर्स्थापकीय न्याय, संवाद र शान्ति निर्माणका लागि न्यायिक तथा गैर न्यायिक क्षेत्रमा न्याय र द्वन्द्व रूपान्तरणको लागि पछिल्लो समय अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय तहमा सर्वाधिक प्रचलित एवम् प्रयोग भइरहेको पुनर्स्थापकीय न्यायका सिद्धान्त, पद्धति, अभ्यास, विकास र प्रवर्द्धनका लागि कार्यरत र संलग्न रहेको नेपालको पहिलो गैर नाफामूखी एवम् गैर सरकारी संस्था हो ।